काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २४३ ❐ सोमवार, १ असार, २०८३ ❐ Monday, 15 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

प्रतिनिधि छनोटमा असन्तुष्टी



❐ काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, ३१ जेठ

राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) कर्णाली प्रदेशको प्रथम अधिवेशन वीरेन्द्रनगरमा सुरु गरिएको छ। रास्वपा महामन्त्री भूपदेव शाहले अधिवेशन उद्घाटन गरेका छन्।

रास्वपा कर्णाली अधिवेशनको सुरुमै प्रतिनिधि छनौटमा विवाद भएको छ। ५३० जना प्रतिनिधि भनिएकोमा करिब ३ सय नक्कली प्रतिनिधि खडा गरिएको भन्दै विवाद उत्पन्न भएको हो।

सभापतिका आकाङ्क्षी एनके बस्नेत र स्नेहा उपाध्यायले त्यसमा विरोध जनाएका छन्। अहिले प्रतिनिधि छनोटको विवादका विषयमा निर्वाचन समितिले छानबिन गरिरहेको छ।

छानबिन नभएसम्म निर्वाचन हुन नदिने नेता कार्यकर्ताहरू बताउँछन्।

वर्तमान सभापति मदन खड्का, कोषाध्यक्ष स्नेहा उपाध्याय, प्रेमबहादुर बोहोरा र नन्दकिशोर बस्नेत (एनके) ले सभापतिको आकांक्षी रहेको स्रोत बताउँछ।

बजेटको आकार बढ्दै, कार्यान्वयनको चुनौती गहिरिँदै :

आज ३३ अर्ब बढीको बजेट ल्याउँदै कर्णाली सरकार

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ३१ जेठ

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ३३ अर्ब रुपैयाँभन्दा बढीको बजेट आज सार्वजनिक गर्दैछ। चालु आर्थिक वर्षको तुलनामा बजेटको आकार बढाउन लागिएको भए पनि सरकारले अघि सारेको नीति तथा कार्यक्रम हेर्दा नयाँ कार्यक्रमभन्दा पुरानै योजना र अधुरा प्रतिबद्धतालाई निरन्तरता दिने पक्का छ।

आर्थिक मामिला तथा योजना मन्त्री राजीव विक्रम शाहले प्रदेश सभाको बैठकमा दिउँसो साढे तीन बजे बजेट प्रस्तुत गर्ने कार्यतालिका छ। चालु आर्थिक वर्ष २०८२/०८३ का लागि प्रदेश सरकारले ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार रुपैयाँको बजेट ल्याएको थियो। यस वर्ष त्योभन्दा केही बढी आकारको बजेट ल्याउने तयारी गरिएको प्रदेश सरकारका अधिकारीहरू बताउँछन्।

तर बजेटको आकार बढ्नु आफैंमा ठूलो उपलब्धि जस्तो देखिए पनि कर्णालीका लागि मुख्य प्रश्न भने बजेटको रकम कति भन्नेभन्दा पनि त्यसको कार्यान्वयन कति प्रभावकारी हुन्छ भन्ने नै हो। विगतका वर्षहरूमा बजेटको आकार निरन्तर बढ्दै गए पनि खर्च क्षमता कमजोर रहँदा विकासका प्रतिफल अपेक्षाअनुसार प्राप्त हुन सकेका छैनन्।

प्रदेश सरकारले आगामी बजेटमा पूर्वाधार, ऊर्जा, खेलकुद, स्वास्थ्य, कृषि, पर्यटन तथा विपद् पुनर्निर्माणलाई



प्राथमिकतामा राख्ने संकेत गरेको छ। संघीय सरकारले सार्वजनिक गरेको बजेटमा समेत कर्णालीका पुराना तथा अधुरा आयोजना सम्पन्न गर्ने लक्ष्यलाई विशेष महत्व दिइएको छ।

कर्णालीमा दशकौंदेखि निर्माणाधीन रहेका सडक, खानेपानी तथा अन्य विकास आयोजनाहरू बजेट अभाव र कमजोर कार्यान्वयनका कारण पटक-पटक प्रभावित हुँदै आएका छन्। यसपटक संघीय र प्रदेश दुवै सरकारले नयाँ आयोजना थप्नेभन्दा पनि अधुरा आयोजना सम्पन्न गर्ने रणनीति अपनाएको देखिन्छ। यसको कारण सरकारले केही दिनअघि सार्वजनिक गरेको नीति तथा कार्यक्रममा अधिकांश पुराना योजना र कार्यक्रमलाई नै दोहोऱ्याएको छ।

मुख्यमन्त्री यामलाल कँडेलले प्रदेश सभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा अधिकांश कार्यक्रम विगतकै निरन्तरताका रूपमा समावेश छन्। नयाँ सोच र नयाँ कार्यक्रमभन्दा अधुरा रहेका योजनालाई पूरा गर्ने रणनीतिमा सरकार केन्द्रित भएको देखिन्छ। प्रदेश सरकारले यसपटक 'शून्य बेरुजु'को महत्वाकांक्षी लक्ष्य अघि सारेको छ। तर प्रदेश सरकारअन्तर्गत हाल चार अर्ब ७० करोड रुपैयाँभन्दा बढी बेरुजु रहेको अवस्थामा यो लक्ष्य हासिल गर्नु चुनौतीपूर्ण देखिएको छ। वित्तीय अनुशासन र सुशासनलाई प्राथमिकता दिएको दाबी गरिए पनि विगतमा बजेट कार्यान्वयन र खर्च व्यवस्थापन कमजोर रहँदै आएको तथ्यांकले देखाउँछ।

स्वास्थ्य क्षेत्रमा प्रदेश अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा विकास गर्ने योजना फेरि दोहोरिएको छ। यो कार्यक्रम विगतका वर्षहरूमा पनि प्राथमिकतामा परे पनि कानुनी र संस्थागत तयारी अभावका कारण कार्यान्वयनमा जान सकेको छैन।

त्यस्तै शिक्षा क्षेत्रमा १० वर्षे शिक्षा सुधार नीति, खानेपानीमा 'एक घर, एक धारा', कृषिमा कृत्रिम गर्भाधान, गोठ सुधार र बाँझो जमिन उपयोग कार्यक्रम पनि पुरानै प्राथमिकताको निरन्तरता हुन्। ऊर्जा क्षेत्रमा जगदुल्ला जलविद्युत् आयोजनामा लगानीको विषय पुनः समावेश गरिएको छ भने वन तथा वातावरण क्षेत्रमा जडीबुटी प्रशोधन, वनको डिजिटल ट्र्याकिङ तथा आन्तरिक आम्दानी वृद्धि गर्ने कार्यक्रम पनि दोहोरिएका छन्।

तर यीमध्ये धेरै योजना वर्षौंदेखि नीति तथा कार्यक्रममा समेटिँदै आए पनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। पर्यटन क्षेत्र पनि पुनः पुरानै प्रतिबद्धताले भरिएको छ। 'संसारको गन्तव्य नेपाल, नेपालको गन्तव्य कर्णाली' नारासहित कार्यक्रम ल्याइए पनि सुर्खेत विमानस्थल विस्तार तथा त्यहाँबाट कर्णालीका जिल्लामा नियमित उडान सञ्चालन गर्ने योजना फेरि दोहोरिएको छ।

२०७६ सालदेखि बजेट र नीति तथा कार्यक्रममा समेटिँदै आएको यो योजना अझै कार्यान्वयनको चरणमा पुग्न सकेको छैन। सडक पूर्वाधारतर्फ रणनीतिक सडक, आर्थिक करिडोर, कृषि सडक तथा पर्यटकीय पहुँच मार्ग निर्माणलाई निरन्तरता दिइएको छ। सडक पहुँच नपुगेका क्षेत्रमा तीन तहका सरकारबीच समन्वय गरेर सडक विस्तार गर्ने प्रतिबद्धता पनि नयाँ होइन यसपटकको बजेटले प्रदेश सरकारको प्राथमिकता स्पष्ट पार्ने अपेक्षा गरिएको छ। विशेषगरी अधुरा आयोजना सम्पन्न गर्ने, बेरुजु नियन्त्रण गर्ने, बजेट खर्चको गुणस्तर सुधार गर्ने तथा सीमित स्रोतसाधनलाई उत्पादनमूलक क्षेत्रमा केन्द्रित गर्ने विषयलाई बजेटले कसरी सम्बोधन गर्छ भन्ने चासो बढेको छ। प्रदेश सरकारले महत्वाकांक्षी नयाँ योजना घोषणा गर्नुभन्दा पुराना र अधुरा कार्यक्रमलाई सम्पन्न गर्ने रणनीति रोजेको दाबी गरेको छ। कतिपयले यसलाई यथार्थपरक कदमका रूपमा हेरेका छन्। तर विगतका वर्षहरूमा दोहोरिँदै आएका योजनाहरू नै फेरि बजेटको प्राथमिकतामा पर्दा कर्णाली सरकारका लागि आगामी वर्षको सबैभन्दा ठूलो चुनौती बजेटको आकार होइन, कार्यान्वयन क्षमता नै हुने देखिएको छ। बजेट बढ्दै जाँदा जनताको अपेक्षा पनि बढेको छ। अब कर्णाली सरकारले नयाँ घोषणा होइन, पुराना प्रतिबद्धताको परिणाम देखाउन सक्ने वा नसक्ने भन्ने प्रश्नको जवाफ आगामी आर्थिक वर्षले दिनेछ।

पत्रकार महासंघ सुर्खेतद्वारा पुस्तक विमोचन, सम्मान तथा पुरस्कार वितरण

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ३१ जेठ

नेपाल पत्रकार महासंघ सुर्खेत शाखाले पुस्तक विमोचन, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरेको छ।

आइतबार वीरेन्द्रनगर स्थित महासंघको सभाहलमा आयोजित कार्यक्रममा पत्रकारिता क्षेत्रका विभिन्न व्यक्तित्व तथा सञ्चारकर्मीलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको हो। कार्यक्रमका प्रमुख अतिथि कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल रहेका थिए। उनले लोकतन्त्रको सुदृढीकरण, सुशासन प्रवर्द्धन तथा



जनचेतना अभिवृद्धिमा पत्रकारिताको भूमिका महत्वपूर्ण रहेको बताउँदै जिम्मेवार र व्यावसायिक पत्रकारितालाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिए। कार्यक्रममा पत्रकारिता तथा प्रेस स्वतन्त्रताको क्षेत्रमा योगदान पुऱ्याएका दुर्गा थापा, माया थापा र डम्बर आचार्य लाई प्रेस स्वतन्त्रता सम्मान प्रदान गरिएको थियो। त्यसैगरी वर्ष पत्रकारिता पुरस्कार बाट ईश्वरराज अधिकारी, विकास तथा शान्ति पत्रकारिता पुरस्कार बाट रमेशकुमार पाण्डे र करिश्मा चौधरी, क्रियाशील पत्रकारिता पुरस्कार बाट तृप्ति शाही, युवा

बाँकी पृष्ठ २

योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिवद्धता

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं बार्षिकोत्सब भव्यताका साथ मनाऔं।

लोक सेवा आयोगको प्रतिवद्धता: प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता।

नेपाल सरकार
विज्ञापन बोर्ड

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
सोमवार, १ असार, २०८३
Monday, 15 June 2026

सम्पादकीय

कागजमै सीमित "विषादीमुक्त कर्णाली"

कर्णाली प्रदेशलाई 'अर्ग्यानिक प्रदेश' बनाउने महत्वाकांक्षी योजना घोषणा गरिएको वर्षौं बितिसक्दा पनि त्यसका आधारभूत पूर्वाधार नै सञ्चालनमा आउन सकेका छैनन् । यसले प्रदेश सरकारको कार्यक्षमतामाथि गम्भीर प्रश्न मात्रै होइन तीव्र आलोचना समेत बढाएको छ । करोडौं रूपैयाँ खर्च गरेर निर्माण गरिएका विषादी अवशेष परीक्षण प्रयोगशालाहरू सञ्चालनमै नआउँदै जीर्ण बन्दै जानु प्रशासनिक कमजोरी मात्र होइन, सार्वजनिक स्रोतसाधनको दुरूपयोगको उदाहरण पनि हो । सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा निर्माण गरिएका प्रयोगशालाहरूको उद्देश्य कर्णाली भित्रिने तरकारी तथा फलफूलको विषादी परीक्षण गर्ने, अस्वस्थ खाद्यवस्तुको नियन्त्रण गर्ने तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने स्पष्ट थियो । प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ मा 'विषादीमुक्त कर्णाली'को अवधारणा अघी सार्दै यसका लागि करिब डेढ करोड रूपैयाँ खर्च पनि गऱ्यो । भवन निर्माण भयो र उपकरण पनि खरिद गरिए, तर पाँच वर्षभन्दा बढी समय बितिसक्दा पनि एउटा नमुना परीक्षणसमेत हुन सकेको छैन ।

प्रदेश सरकारको ध्यान योजना घोषणा र संरचना निर्माणसम्म सीमित रहेको देखाउँछ, तर सञ्चालनका लागि आवश्यक जनशक्ति, व्यवस्थापन र दीर्घकालीन सोचको अभाव रह्यो । प्रयोगशाला निर्माणपछि त्यसलाई चलाउने प्राविधिक कर्मचारीको व्यवस्था नगर्नु योजनाको प्रारम्भिक चरणमै भएको कमजोरी हो । सरकारी निकायहरूले समयमै आवश्यक जनशक्ति र बजेटको माग गरे पनि त्यसतर्फ चासो नदिनु झन् दुःखद पक्ष हो । नीति निर्माण र कार्यान्वयनबीचको खाडल कर्णालीमा नयाँ विषय होइन । सरकार फेरिने, मन्त्री र सचिवहरू परिवर्तन भइरहने तथा प्राथमिकता बदलिँदै जाने प्रवृत्तिले धेरै योजनाहरू अलपत्र परेका छन् । विषादी परीक्षण प्रयोगशालाको अवस्था पनि त्यही रोगको शिकार बनेको देखिन्छ । जब योजना निरन्तरताभन्दा राजनीतिक घोषणामा सीमित हुन्छन्, तब जनताको करबाट बनेका संरचना उपयोगविहीन बन्न पुग्छन् । अझ विडम्बना त के छ भने प्रयोगशालाका लागि खरिद गरिएका उपकरणहरू कार्यालयमा थन्किएका छन् भने भवनहरू प्रयोगविहीन भएर जीर्ण बन्दै गएका छन् ।

अब प्रयोगशाला सञ्चालन हुनुअघि नै मर्मतसम्भारको आवश्यकता परेको छ । यो सरकारी योजना निर्माण र कार्यान्वयनबीचको असन्तुलनको स्पष्ट प्रमाण हो । यसबाट राज्यको लगानीमाथि जनविश्वास कमजोर हुने स्वाभाविक छ । प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रममा पुनः यी प्रयोगशाला सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाएको छ । तर विगतका अनुभव हेर्दा नीति तथा कार्यक्रमको दस्तावेजमा योजना उल्लेख हुनु मात्र पर्याप्त छैन । जनशक्ति व्यवस्थापन, बजेट सुनिश्चितता र स्पष्ट कार्ययोजनासहित तत्काल कार्यान्वयनमा जान सकिएन भने यो प्रतिबद्धता पनि अघिल्ला घोषणाजस्तै कागजमै सीमित रहनेछ । कर्णालीलाई वास्तवमै विषादीमुक्त बनाउने हो भने अब सरकार परिणाममुखी हुनुपर्छ । निर्माण भइसकेका संरचनालाई तत्काल सञ्चालनमा ल्याई जनतालाई प्रत्यक्ष लाभ दिने वातावरण बनाउनु पर्छ । अन्यथा 'विषादीमुक्त कर्णाली'को सपना केवल राजनीतिक नारामा सीमित रहनेछ र करोडौं रूपैयाँको सार्वजनिक लगानी खेर गएको अर्को उदाहरणका रूपमा इतिहासमा दर्ज हुनेछ ।

परीक्षार्थीको मोबाइल नष्ट गर्नुको सट्टा किताब हेरेर जाँच दिन लगाऊँ



✍ लिलाराज भट्टराई

सिराहामा माध्यमिक शिक्षा परीक्षा (एसईई) र कक्षा १२ को परीक्षाका क्रममा जफत गरिएका करोड भन्दा बढी मूल्यका चार सय ९६ थान मोबाइल र पाँचवटा स्मार्ट वाच प्रशासनले पानीमा डुबाएर नष्ट गरेको घटनाले देशभर असहज तर आवश्यक बहस जन्माएको छ ।

प्रश्न, विद्यार्थीले परीक्षा केन्द्रमा मोबाइल किन लगे भन्ने होइन । प्रश्न के हो भने हाम्रो परीक्षा प्रणालीले विद्यार्थीलाई यस्तो बाटो रोज्न बाध्य किन बनायो ? हाम्रो शिक्षा प्रणालीले विद्यार्थीलाई चिन्तन उन्मुख, प्रयोग गर्न प्रेरित गर्नुको सट्टा कण्ठ गर्ने किन बनाउँदै छ ?

त्यसैले सिराहाको घटना अनुशासनको विषय मात्रै होइन, यो हाम्रो मूल्याङ्कन प्रणालीमाथिकै प्रश्न हो । यसर्थ सिरहा प्रकरणलाई नयाँ परीक्षा प्रणालीतर्फ अघि बढ्ने प्रस्थानबिन्दुका रूपमा लिइनुपर्छ ।

सिराहाको घटना एउटा लक्षण हो, रोग होइन । रोग त हाम्रो परीक्षा प्रणालीमा देखियो । जब प्रश्नपत्रहरू अझै पनि परिभाषा, बुँदागत उत्तर, पाठका अनुच्छेद र 'याद भए लेख, नभए सकियो' भन्ने ढाँचामा बनेका हुन्छन्, तब विद्यार्थीको ध्यान ज्ञानको अर्थमा होइन, उत्तरको स्रोतमा मात्रै केन्द्रित हुन पुग्छ ।

पहिले चिट हुन्थ्यो, अहिले मोबाइल भयो; भोलि एआई-सक्षम उपकरण हुन सक्छ । तर आधारभूत समस्या उही रहन्छ । यदि परीक्षाको डिजाइन कमजोर छ भने प्रविधि सधैं नक्कलको साधन बन्छ, सिकाइको होइन । मोबाइल डुबाएर नष्ट गरिनु प्रशासनिक कठोरताको एउटा दृश्य हो । परीक्षा हलमा हल्लिनै नदिनु, मोबाइल खोस्नु र नष्ट गर्नुले समाधान दिँदैन । उपकरण नष्ट गरेर सूचना-युगको चुनौती रोकिन्न । बरु यसले देखाएको कुरा के हो भने, २१औं शताब्दीमा पनि हामी २०औं शताब्दीको परीक्षा मानसिकताबाट बाहिर निस्कन सकेका छैनौं ।

यस्तो अवस्थामा स्मरणशक्तिमा आधारित परीक्षा पद्धति पुनर्विचारको विषय मात्र होइन, सुधारको तात्कालिक एजेन्डा बन्नुपर्छ । अब ओपन बुक एक्जाम अर्थात् खुला किताबी परीक्षातर्फ नेपालले पाइला चाल्नैपर्छ । शिक्षालाई व्यावहारिक र वैज्ञानिक बनाउन तथा परीक्षालाई मर्यादित बनाउन खुला किताबी परीक्षा अवलम्बन गरिनु आवश्यक देखिन्छ ।

खुला किताबी परीक्षा भनेको के हो ?

खुला किताबी परीक्षा भनेको किताब हेरेरै परीक्षा दिन सकिने मूल्याङ्कन प्रणाली हो । विद्यार्थीलाई परीक्षा हलमा निश्चित प्रकारका सन्दर्भ सामग्री जस्तैः पाठ्यपुस्तक, आफ्ना नोट, सूत्र पुस्तिका, कानुनी संहिता, केस सामग्री वा अन्य स्वीकृत स्रोत प्रयोग गर्न अनुमति दिइन्छ । अर्थात् किताब र अन्य सन्दर्भ सामग्री तथा कतिपय अवस्थामा डिजिटल डिभाइससमेत प्रयोग गरेर उत्तर लेख्न पाउने परीक्षा प्रणाली हो । यसको अर्थ किताब खोलेर उत्तर सार्ने छुट विद्यार्थीलाई हुन्छ भन्ने होइन । यसको मूल दर्शन ज्ञान कण्ठ गर्ने होइन, बुझ्ने र प्रयोग गर्ने सीपसँग सम्बन्धित छ ।

परम्परागत बन्द पुस्तक परीक्षा प्रणालीमा विद्यार्थीले 'के सम्झियो ?' भन्ने हेरिन्छ । ओपन बुक परीक्षामा उसले 'के बुझ्यो, कसरी प्रयोग गऱ्यो र किन त्यो निष्कर्षमा पुग्यो ?' भनी हेरिन्छ । पुस्तक साथमा भए पनि परीक्षाको समयसीमा तोकिएकै हुन्छ । प्रश्न जटिल हुन्छन् र सीधा नक्कल गरेर लेख्न सकिँदैन । विद्यार्थीले स्रोतबाट तथ्य खोजेर त्यसको अर्थ निर्माण गर्नुपर्छ ।

यसै कारणले खुला किताबी परीक्षा सजिलो नभई धेरै अवस्थामा अझ चुनौतीपूर्ण मानिन्छ । किनकि यसमा स्मरणशक्ति मात्र काफी हुँदैन; अवधारणागत स्पष्टता, विश्लेषण, तर्कशक्ति, उदाहरण चयन, समय व्यवस्थापन र लेखन कौशल पनि अनिवार्य हुन्छ ।

खुला किताबी परीक्षा प्रणालीमा प्रश्न नै यस्ता हुन्छन् कि किताब हेरेर पनि अवधारणा नबुझी उत्तर दिन सकिँदैन । यदि विद्यार्थीलाई स्थानीय सन्दर्भ, तुलना, विश्लेषण, केस-स्टडी र तर्क दिन लगाइयो भने मोबाइल लुकाएर लैजानुको औचित्य आफैं घट्छ । पुस्तक खुला भएको ठाउँमा चिटको मूल्य घट्छ; सोच खुला भएको ठाउँमा नक्कलको अर्थ न्यून हुन्छ ।

यसर्थमा सिराहाको मोबाइल काण्डलाई केवल अनुशासन उल्लङ्घनको घटना मानेर टुंग्याउनु दूरदर्शी हुने छैन । यसलाई परीक्षा प्रणाली सुधारको प्रस्थानबिन्दु बनाउनुपर्छ । प्रशासनले जफत गरिएका सामग्री नष्ट गऱ्यो; अब राज्यले पुरानो सोच नष्ट गर्ने साहस देखाउनुपर्छ ।

किन आवश्यक छ ओपन बुक परीक्षा ?

नेपालको विद्यालय तथा विश्वविद्यालय तहको ठूलो समस्या घोकन्ते शिक्षा हो । विद्यार्थी पाठको सार नबुझी सम्भावित प्रश्नको उत्तर घोक्छ, केही दिनमै बिर्सिन्छ । यस्तो शिक्षाले प्रमाणपत्र दिन सक्छ, क्षमता बढाउन सक्दैन ।

खुला किताबी परीक्षाको सबैभन्दा ठूलो योगदान यही हो कि यसले सिकाइको केन्द्रलाई स्मरणबाट बुझाइतिर सार्छ । विद्यार्थीलाई थाहा हुनुपर्छ कि कुन अवधारणा कहाँ छ, किन महत्त्वपूर्ण छ, कस्तो अवस्थामा प्रयोग हुन्छ, र आफ्नो निष्कर्षलाई कसरी प्रमाणित गर्ने ? यसले दीर्घकालीन सिकाइलाई बल पुऱ्याउँछ । दोस्रो, यसले विद्यार्थीमा आलोचनात्मक सोच विकास गर्छ । प्रश्न सामान्यतया 'परिभाषित गर' प्रकारका हुँदैनन् बरु दुई दृष्टिकोण तुलना गर, यो अवस्थाको समाधान प्रस्ताव गर, उदाहरणका आधारमा आलोचनात्मक समीक्षा गर, दिइएको डाटा विश्लेषण गर जस्ता हुन्छन् । यस्ता प्रश्नले पाठ्यपुस्तक मात्र होइन, विद्यार्थीको बौद्धिक सक्रियता माग्छ ।

तेस्रो, यसले परीक्षाको भय घटाउँछ । नेपालमा परीक्षा अझै पनि सिकाइको उत्सवभन्दा बढी दण्डजस्तो अनुभव गरिन्छ । सबै कुरा कण्ठ गर्नुपर्छ भन्ने दबाबले विद्यार्थीमा चिन्ता, तनाव र असफलताको डर बढाउँछ । खुला किताबी परीक्षा प्रणालीले सबै कुरा याद हुनैपर्छ भन्ने मानसिक बोझ हलुका बनाउँछ । यसको अर्थ लापरवाही बढाउनु होइन, बरु तयारीको ढाँचा बदल्नु हो । चौथो, यसले शिक्षालाई वास्तविक जीवनसँग जोड्छ । कार्यक्षेत्रमा कसैले पनि चिकित्सक, वकिल, इन्जिनियर, प्रशासक, पत्रकार वा अनुसन्धानकर्तालाई 'सबै कुरा कण्ठ गरेर' निर्णय गर्न आग्रह गर्दैन । उनीहरू सन्दर्भ हेर्छन्, डेटा पढ्छन्, कानुन पल्टाउँछन्, रिपोर्ट विश्लेषण गर्छन् र विशेषज्ञ राय लिन्छन् । यदि वास्तविक संसार ओपन रिसोर्समा चल्छ भने परीक्षा मात्रै बन्द किताबमा किन अडिग रहने ? त्यसो त नेपालमा उच्चस्तरीय शिक्षा आयोगले खुला किताबी परीक्षा गर्न सुझाव पनि दिइसकेको छ ।

विश्वमा ओपन बुक परीक्षाको अभ्यास

विश्वका धेरै देशमा खुला किताबी परीक्षा नयाँ अवधारणा होइन । विशेष गरी उच्च शिक्षा, व्यावसायिक शिक्षा र कानुन, चिकित्सा, व्यवस्थापन, इन्जिनियरिङ जस्ता क्षेत्रहरूमा यसको प्रयोग लामो समयदेखि हुँदै आएको छ ।

अमेरिकाका अनेक विश्वविद्यालयमा पाठ्यक्रमको प्रकृतिअनुसार 'ओपन बुक', 'ओपन नोट' र 'टेक-होम' मूल्याङ्कन प्रयोग गरिन्छ । त्यहाँको जोड तथ्य सम्झनामा भन्दा अवधारणा प्रयोग, केस विश्लेषण र तर्क निर्माणमा बढ्दै गएको छ । त्यस्तै बेलायतका विश्वविद्यालयहरूले विशेष गरी निबन्धात्मक, कानुनी, सामाजिक विज्ञान र अनुसन्धानमुखी विषयहरूमा खुला स्रोतमा आधारित मूल्याङ्कन अपनाएका छन् ।

अस्ट्रेलिया र क्यानडाका धेरै संस्थाले विद्यार्थीको उच्चस्तरीय सोच जाँच्न ओपन बुक वा ओपन रिसोर्स मूल्याङ्कनलाई वैकल्पिक होइन, प्रभावकारी उपकरणका रूपमा लिएका छन् । भारतमा राष्ट्रिय शिक्षा नीति २०२० ले घोकन्ते सिकाइ घटाएर अवधारणात्मक र दक्षतामूलक शिक्षामा जोड दिएको छ । त्यसअनुसार केन्द्रीय माध्यमिक शिक्षा बोर्डले ओपन बुक परीक्षासम्बन्धी पाइलट अभ्यास अघि बढाएको छ, विशेष गरी माध्यमिक तहको कक्षा ९ का केही विषयमा नयाँ प्रकारका प्रश्न परीक्षण गर्ने गरी यो प्रणाली अपनाउँदै छ ।

टेम्पो खसालिएको घटनाबारे वन कार्यालयको स्पष्टीकरण

काँक्रेविहार संवाददाता

धनगढी, ३१ जेठ

कैलालीको गोदावरी नगरपालिका चार अन्तर्गत चुरे क्षेत्रभित्र अतिक्रमण हटाउने क्रममा भीरबाट टेम्पो खसेको घटनाबारे फैलिएका आरोपप्रति डिभिजन वन कार्यालय कैलालीले आपत्ति जनाएको छ ।

कार्यालयले सामाजिक सञ्जालमा प्रचारित सामग्री भ्रामक रहेको दाबी गर्दै घटनाको वास्तविक अवस्था सार्वजनिक गरेको हो । कार्यालयले पत्रकार सम्मेलनमार्फत जारी गरेको विज्ञप्तिमा उक्त क्षेत्र चुरे संरक्षण क्षेत्रभित्र पर्ने संवेदनशील भूभाग भएको उल्लेख गरेको छ । वर्षौंदेखि सार्वजनिक वन क्षेत्रमा अवैध अतिक्रमण, टहरा तथा छाप्रा निर्माण र सरकारी वन जमिन कब्जा गर्ने गतिविधि बढ्दै गएपछि कानुन अनुसार नियन्त्रण अभियान सञ्चालन गरिएको जनाएको छ ।

वन कार्यालयका अनुसार पछिल्ला पाँच महिनामा पनि सो क्षेत्रमा नयाँ अवैध संरचना थपिएका थिए। सामाजिक सञ्जालमा भाइरल भएको टेम्पो कुनै सञ्चालनमा रहेको सवारी साधन नभई इन्जिनलगायतका महत्वपूर्ण भाग निकालिएको पुरानो फलामे संरचना मात्र रहेको दाबी गरिएको छ । उक्त संरचना अतिक्रमण गरी बनाइएको टहराको पर्खालका रूपमा प्रयोग गरिएको कार्यालयको भनाइ छ । कार्यालयले करिब एक महिनाअघि नै सम्बन्धित पक्षलाई संरचना हटाउन निर्देशन दिएको जनाएको छ । त्यसबेला अन्य टहरा हटाइए पनि टेम्पो प्रयोग गरिएको संरचना नहटाइएपछि वन कर्मचारीले त्यसलाई सडक किनारतर्फ सारेका थिए ।

कारागारलाई सुधारमुखी बनाउन सुझाव

काँक्रेविहार संवाददाता

नेपालगञ्ज, ३१ जेठ

बाँकेको नौवस्तास्थित कारागारलाई केवल कैद सजाय भुक्तान गर्ने थलोका रूपमा नभई सुधार र पुनःस्थापनाको केन्द्रका रूपमा विकास गर्नुपर्ने सुझावसहितको प्रतिवेदन सार्वजनिक गरिएको छ । एड्भोकेसी फोरम नेपाल र नेपालगन्ज उच्च बार एसोसिएसनको संयुक्त अनुगमन टोलीले कारागारको स्थलगत अध्ययनपछि उक्त प्रतिवेदन तयार गरेको हो । कारागारभित्र बेला-बेलामा कैदीबन्दीबीच हुने झडप र विवादलाई मध्यनजर गर्दै संयुक्त टोलीले हालै कारागारको अनुगमन गरेको थियो । विशेषगरी जेठ १६ गते भएको झडपपछिको अवस्था, कैदीबन्दीका गुनासा, सुरक्षा व्यवस्था र न्यायमा पहुँचसम्बन्धी विषयमा अध्ययन गरिएको प्रतिवेदनमा उल्लेख छ । एड्भोकेसी फोरम नेपालका लुम्बिनी प्रदेश संयोजक अधिवक्ता वसन्त गौतमले कारागारभित्रको सुरक्षा र व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै कैदीबन्दीको व्यवहार सुधार र पुनःस्थापनामा केन्द्रित कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको बताए । उनका अनुसार सुधारमुखी वातावरण निर्माण गर्न सके कारागारभित्र हुने विवाद तथा तनाव न्यूनीकरण गर्न मद्दत पुग्नेछ । नेपालगन्ज उच्च बार एसोसिएसनका सदस्य सुरेश गौतमले पनि कारागारलाई सुधारगृहको अवधारणाअनुसार सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याए । उनले कैदीबन्दीलाई कानुनी सहायता, परामर्श तथा सीपमूलक कार्यक्रम उपलब्ध गराएर समाजमा पुनःस्थापनाको वातावरण तयार गर्नुपर्ने बताए । अनुगमनका क्रममा टोलीले कैदीबन्दीसँग प्रत्यक्ष भेटघाट गरी उनीहरूका समस्या र आवश्यकताबारे जानकारी लिनुका साथै कानुनी परामर्शसमेत प्रदान गरेको जनाएको छ ।

पत्रकार...

पत्रकारिता पुरस्कार बाट टेकराज केसी, खानेपानी तथा सरसफाइ पत्रकारिता पुरस्कार बाट विवसकुमार सेजुवाल तथा नन्दु गेलाङ स्मृति पत्रकारिता पुरस्कार बाट सुरेश आचार्य सम्मानित एवं पुरस्कृत भएका छन् कार्यक्रममा पुस्तक विमोचनसमेत गरिएको थियो। पत्रकारिता क्षेत्रको विकास, प्रेस स्वतन्त्रताको संरक्षण तथा उत्कृष्ट पत्रकारितालाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा सञ्चारकर्मी, पत्रकार, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो । यस्तै कार्यक्रमको समापनसँगै नेपाल पत्रकार महासंघ सुर्खेत शाखाको नेतृत्व हस्तान्तरण पनि गरिएको छ ।

महासंघको अध्यक्ष, सहसचिव र एक सदस्यको पदसमेत हस्तान्तरण भएको छ । पत्रकार महासंघको निर्वाचनमा बराबरी मत प्राप्त गरी आधाआधा कार्यकालको नेतृत्व गर्ने सहमती अनुसार पहिलो कार्यकालका अध्यक्ष सुशीलराज शर्माले मधुवन विसीलाई पद हस्तान्तरण गरेका हुन् । यस्तै, पहिलो कार्यकालका सहसचिव नविन सुवेदीले गीता थापालाई पद हस्तान्तरण गरे । सदस्यमा बराबरी मत पाएका अमर कार्कीले मानबहादुर खड्कालाई पद हस्तारन्तरण गरेका थिए ।

सीमा विवादपछि अध्यक्षको माफी



❐ काँक्रेविहार संवाददाता

डोल्पा, ३१ जेठ

काईके गाउँपालिका अध्यक्ष अंगतकुमार रानामगरले पानीडाल क्षेत्र डोल्पाभित्र पर्ने भनी दिएको आफ्नो अभिव्यक्ति फिर्ता लिएका छन् । उनले पत्रकार सम्मेलनमार्फत उक्त क्षेत्र पूर्वी रुकुम जिल्लाकै क्षेत्राधिकारभित्र पर्ने स्पष्ट पार्दै आफ्नो अघिल्लो भनाइ सच्याएका हुन् ।

जेठ १९ गते जिल्ला समन्वय समिति डोल्पाको सभाहलमा डोल्पा र पूर्वी रुकुमका सुरक्षा अधिकारीहरूबीच सीमा विवादसम्बन्धी समन्वयात्मक बैठक भएको थियो । सोही बैठकमा अध्यक्ष रानामगरले पुथाउत्तरगंगा गाउँपालिका एक मैकोट क्षेत्रमा पर्ने पानीडाल डोल्पाको सिमानाभित्र रहेको अभिव्यक्ति दिएका थिए ।

उक्त भनाइ सार्वजनिक भएपछि सामाजिक सञ्जाल र स्थानीय तहमा व्यापक विवाद उत्पन्न भएको थियो । विवाद चर्किएपछि पूर्वी रुकुमको पुथाउत्तरगंगा गाउँपालिका एक मैकोटका वडा सदस्य विक्रम पुनको नेतृत्वमा स्थानीयहरू जाइला भञ्ज्याङ क्षेत्रमा भेला भई विरोध जनाएका थिए । उनीहरूले पानीडाल क्षेत्र डोल्पाको भएको दाबीप्रति आपत्ति प्रकट गरेका थिए ।

विवादपछि दुवै जिल्लाका सरोकारवाला निकायबीच समन्वय र छलफल भएको थियो । सोही क्रममा अध्यक्ष रानामगरले आफ्नो अघिल्लो अभिव्यक्ति तथ्यगत रूपमा सही नभएको स्वीकार गर्दै फिर्ता लिएको बताएका छन् ।

पत्रकार सम्मेलनमा उनले काईके गाउँपालिकाको गाउँसभाले समेत पानीडाल क्षेत्र पूर्वी रुकुमकै भूभाग रहेको निष्कर्षसहित निर्णय गरिसकेको जानकारी दिए ।

गाउँपालिकाको आधिकारिक निर्णय र स्थानीय सहमतिलाई सम्मान गर्दै आफूले पहिले दिएको भनाइ सच्याएको उनले स्पष्ट पारे । अध्यक्ष रानामगरले आफ्नो अभिव्यक्तिका कारण उत्पन्न असहजता र विवादप्रति खेद व्यक्त गर्दै भविष्यमा यस्ता संवेदनशील विषयमा तथ्य, प्रमाण र आधिकारिक निर्णयका आधारमा मात्रै धारणा राख्ने प्रतिबद्धता जनाए ।

जिल्ला प्रशासन कार्यालय डोल्पाका सहायक प्रमुख जिल्ला अधिकारी रमेश पौडेलका अनुसार अध्यक्षको स्पष्टीकरण र माफीपछि विवाद समाधानतर्फ उन्मुख भएको छ । जाइला भञ्ज्याङ क्षेत्रमा भेला भएका पूर्वी रुकुमका स्थानीयहरू पनि आ-आफ्नो स्थानतर्फ फर्किएका छन् ।

अनुदानका ४४ शिक्षक हटाउँदा पढाइ प्रभावित

❐ काँक्रेविहार संवाददाता

जाजरकोट, ३१ जेठ

भेरी नगरपालिका, जाजरकोटले नगर अनुदानमा कार्यरत ४४ जना शिक्षकलाई एकैपटक सेवाबाट हटाएपछि नगरभित्रका सामुदायिक विद्यालयहरूको पठनपाठन प्रभावित भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्र कार्यान्वयन गर्दै नगरपालिकाले जेठ २५ गतेदेखि लागू हुने गरी ती शिक्षकहरूलाई विद्यालयमा उपस्थित नहुन पत्राचार गरेको थियो ।

नगरपालिकाको निर्णयसँगै नगर अनुदान कोटाबाट सञ्चालन भइरहेका विद्यालयहरूमा शिक्षक अभाव देखिएको छ । यसले विद्यार्थीको नियमित पढाइ, कक्षाको सञ्चालन तथा शैक्षिक



गतिविधिमा प्रत्यक्ष असर पारेको विद्यालयहरूले बताएका छन् ।

भेरी नगरपालिकाभित्र रहेका ५५ वटा सामुदायिक विद्यालय यस निर्णयबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित भएका छन् ।

नेपाल शिक्षक महासङ्घ जाजरकोटका अध्यक्ष आशा शाह कार्कीले वैकल्पिक व्यवस्था नगरी शैक्षिक सत्रकै बीचमा शिक्षक हटाउनु बालबालिकाको शिक्षामाथि अन्याय भएको बताए ।

उनले तत्काल आवश्यक शिक्षक व्यवस्थापन गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

भेरी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख प्रमोद विष्टले एकैपटक ४४ जना शिक्षक बाहिरिँदा विद्यालयको पठनपाठनमा उल्लेखनीय प्रभाव परेको स्वीकार गरे ।

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल जाजरकोटका सदस्य खम्बजङ्ग शाहले पनि वैकल्पिक व्यवस्था बिना शिक्षक हटाइनु बालबालिकाको गुणस्तरीय शिक्षा प्राप्त गर्ने अधिकारमाथि असर पर्ने कार्य भएको टिप्पणी गरे । उनले शैक्षिक क्षति हुन नदिन शीघ्र समाधान खोज्नुपर्नेमा जोड दिए ।

सिमकोट-हिल्सा सडक स्तरोन्नति



❐ काँक्रेविहार संवाददाता

सिमकोट, ३१ जेठ

कर्णाली करिडोरअन्तर्गत सिमकोट-हिल्सा सडक खण्डको च्याछ्रा क्षेत्रमा चट्टानी भीरमा ढलान कार्य सम्पन्न भएपछि क्रस ब्यारियर (सडक सुरक्षा संरचना) निर्माण गरिएको छ ।

सडकको तल कर्णाली नदी बग्ने र माथि भीर रहेको जोखिमपूर्ण अवस्थालाई ध्यानमा राख्दै यातायातलाई सुरक्षित बनाउन यो संरचना निर्माण गरिएको हो ।

हिल्सा-सिमकोट सडक योजनाका प्रमुख बेलबहादुर नेपालीका अनुसार अत्यन्तै असजिलो र जोखिमपूर्ण मानिने च्याछ्रा सडक खण्डमा क्रस ब्यारियर निर्माण सम्पन्न भएको छ । उनले यसले सडक दुर्घटना न्यूनीकरण गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

सिमकोट-हिल्सा सडकको करिब ९५ किलोमिटरमध्ये धेरै क्षेत्रमा यस्ता संरचना आवश्यक भए पनि पहिलो चरणमा च्याछ्राको करिब पाँच सय मिटर क्षेत्रमा निर्माण गरिएको हो ।

दुई महिनाअघि मात्र उक्त खण्डमा ढलान कार्य सम्पन्न गरिएको थियो । यसअघि च्याछ्रा क्षेत्रमा सडक ट्यार्क खोल्न मात्र १० वर्षभन्दा बढी समय लागेको थियो ।

विस्फोटक पदार्थ प्रयोग गरी ट्यार्क खोलिएको भए पनि ग्रेड मिलाउन निकै कठिन भएको थियो । पछि जेनतेन ग्रेड मिलाएर ढलान गरिएपछि यात्रा सहज बनेको हो ।

बोलेरो जिप चालक सिंगम भण्डारीका अनुसार ढलानसँगै क्रस ब्यारियर निर्माण भएपछि उक्त सडक खण्ड सुरक्षित मात्र नभई आकर्षक र रमणीय पनि बनेको छ । उनले यात्रुहरूका लागि यो यात्रा सहज र सुरक्षित भएको बताए ।

स्थानीय चालक तथा यात्रुहरूले च्याछ्रामा जस्तै सिमकोट-हिल्सा सडकका आँसी कार्ना, याल्वाङ र नारा क्षेत्रमा पनि क्रस ब्यारियर निर्माण गर्नुपर्ने माग गरेका छन् ।

आगामी वर्षदेखि शिक्षा नीति लागू गरिने

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ३१ जेठ

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्षदेखि प्रदेश शिक्षा नीति तथा दशवर्षे शिक्षा योजना (२०८३/०८४-२०९३/०९४) कार्यान्वयन गर्ने तयारी गरेको छ ।

शिक्षा क्षेत्रको सुधार, गुणस्तर अभिवृद्धि तथा दीर्घकालीन व्यवस्थापनका लागि प्रदेश सरकारले उक्त नीति लागू गर्न लागेको हो ।

सरकारले आगामी वर्षको नीति तथा कार्यक्रममा शिक्षा नीतिलाई प्राथमिकताका साथ समावेश गरेको छ । प्रदेश स्थापना भएको करिब एक दशक पुग लाग्दा पनि शिक्षा नीति लागू हुन नसकेको अवस्थामा अब त्यसलाई अन्तिम रूप दिएर कार्यान्वयनमा लैजान लागिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सचिव रोशनीकुमारी श्रेष्ठका अनुसार अबको एक महिनाभित्र शिक्षा नीति तयार गरी आगामी आर्थिक वर्षदेखि कार्यान्वयन गरिनेछ ।

नीति अनुरूप शिक्षा क्षेत्रका कार्यक्रम सञ्चालन गरिने र छरिएर रहेका कार्यक्रमलाई एकीकृत रूपमा अघि बढाइने उनले बताइन् ।

दशवर्षे योजनाअनुसार सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा सुधार, विद्यालयमा डिजिटल



पूर्वाधार विस्तार, शैक्षिक गतिविधिमा प्रविधिको प्रयोग वृद्धि तथा शिक्षकको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछन् ।

साथै शैक्षिक गुणस्तर सुधार र विद्यार्थी विद्यालय छाड्ने प्रवृत्ति न्यूनीकरण गर्न स्थानीय तहलाई वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

शिक्षक-विद्यार्थी अनुपात उच्च रहेका विद्यालयका लागि शिक्षण अनुदान कार्यक्रमलाई पनि विस्तार गरिने योजना छ । सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले शिक्षा सुधारका लागि आवश्यक कार्यक्रमलाई नीति अन्तर्गत समेटेर कार्यान्वयन गरिने बताए । उनका अनुसार प्रदेशको आवश्यकता र उपलब्ध स्रोतलाई ध्यानमा राख्दै व्यवहारिक तथा कार्यान्वयनयोग्य शिक्षा नीति तयार गरिँदै छ ।

यसअघि आर्थिक वर्ष २०७८/०७९ देखि २०८७/०८८ सम्मका लागि शिक्षा नीतिको मस्यौदा तयार गरिएको भए पनि मन्त्रिपरिषद्बाट स्वीकृत हुन सकेको थिएन । बजेटको स्रोत सुनिश्चितता र आर्थिक भारका कारण नीति कार्यान्वयनमा ढिलाइ भएको थियो ।

हाल प्रदेश सरकारले कार्यदल गठन गरी शिक्षा क्षेत्रका विज्ञ, सरोकारवाला तथा सम्बन्धित निकायसँग परामर्श गरिरहेको छ । मन्त्रालयका शैक्षिक महाशाखा प्रमुख सुवर्ण खड्काका अनुसार सीमित स्रोतमा कार्यान्वयन गर्न सकिने गरी नीतिलाई परिमार्जन गरेर अन्तिम रूप दिने काम भइरहेको छ ।

सरकारले आगामी वर्षदेखि शिक्षा क्षेत्रलाई व्यवस्थित, गुणस्तरीय र प्रविधिमैत्री बनाउने लक्ष्यसहित नीति कार्यान्वयनमा ल्याउने तयारी गरेको छ ।

संविधान संशोधनका लागि सुझाव संकलन

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ३१ जेठ

नेकपा एमालेले संविधान संशोधनबारे सुझाव संकलन गर्ने भएको छ । एमालेको संविधान संशोधन सुझाव कार्यदलको पहिलो बैठकले राजनीतिक र सामाजिक जीवनका विभिन्न क्षेत्रहरूबाट सुझाव संकलन गर्ने निर्णय गरेको हो । बैठकले संविधान संशोधनसम्बन्धी सुझाव संकलनका लागि कार्यतालिका निर्माण गर्न अग्निप्रसाद खरेलको संयोजकत्वमा उपसमितिसमेत गठन गरेको छ । उक्त उपसमितिमा रमेश बडाल, महेश बर्तौला, कृष्णभक्त पोखरेल, टिकाराम भट्टराई, राजेन्द्र घिमिरे र अमर थापा सदस्य चयन भएका छन् । यस्तै एमालेले संविधान संशोधनका लागि अन्य राजनीतिक दलहरूसँग संवाद, छलफल तथा अन्तर्क्रिया गर्न पहल गर्ने निर्णय पनि गरेको छ । बैठकले पार्टीको संविधान संशोधन सुझाव कार्यदलको सदस्य सचिवको जिम्मेवारी नेता महेश बर्तौलालाई दिने निर्णय पनि गरेको छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

डिजिटल युगको विश्वसनीय आवाज
www .kankrebihar .com

काँक्रेविहार राष्ट्रिय दैनिक

सोमवार, १ असार, २०८३
Monday, 15 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

मानसरोवर यात्रामा पर्यटकको चाप



दैनिक ८० देखि दुई सय जनासम्म भारतीय पर्यटक नेपालगन्जबाट हवाई मार्ग हुँदै सिमकोट पुग्ने गरेका छन्। त्यसपछि हेलिकोप्टरमार्फत हिल्सा पुऱ्याइने र त्यहाँबाट उनीहरू चीनको ताक्लाकोटतर्फ प्रस्थान गर्ने गरेका छन्।

काँक्रेविहार संवाददाता

हुम्ला, ३१ जेठ

कैलाश-मानसरोवर यात्राको सिजन सुरु भएसँगै हिमाली जिल्ला हुम्ला हुँदै यात्रा गर्ने भारतीय धार्मिक पर्यटकको सङ्ख्या उल्लेखनीय रूपमा बढेको छ।

सिमकोट विमानस्थल हुँदै हिल्सा नाका भएर चीनको ताक्लाकोट पुग्ने पर्यटकको संख्या हालसम्म तीन हजार सात सय ८० पुगेको छ। यस वर्ष वैशाख ३० गतेदेखि पर्यटक आगमन सुरु भएको हो।

प्रहरी निरीक्षक विष्णु श्रेष्ठका अनुसार हालसम्म हुम्ला पुगेका पर्यटकमध्ये एक हजार आठ सय ९२ महिला र एक हजार आठ सय ८८ पुरुष रहेका छन्।

सिजन सुरु भएयता दैनिक ८० देखि दुई सय जनासम्म भारतीय पर्यटक नेपालगन्जबाट हवाई मार्ग हुँदै सिमकोट पुग्ने गरेका छन्। त्यसपछि हेलिकोप्टरमार्फत हिल्सा पुऱ्याइने र त्यहाँबाट उनीहरू चीनको ताक्लाकोटतर्फ प्रस्थान गर्ने गरेका छन्।

पर्यटक आगमन बढेसँगै सिमकोटको पर्यटन तथा सेवा क्षेत्र पनि चलायमान बनेको छ। होटल विजय, कैलाश, मानसरोवर, कर्णाली रिसोर्ट, हुम्ला रिसोर्ट, होटल पोतला र होटल एलिसलगायतका होटलहरूमा पर्यटकको चाप बढेको छ।

होटल व्यवसायीहरूले यस वर्षको सिजन उत्साहजनक रहेको बताएका छन्। होटलमा बसोबास गर्ने पर्यटकको सङ्ख्या बढेसँगै व्यवसायीको आम्दानीमा समेत सुधार आएको छ।

पर्यटक आगमनले स्थानीय रोजगारीमा पनि सकारात्मक प्रभाव पारेको छ। सिमकोट विमानस्थलदेखि होटलसम्म सामान ओसारपसार गर्ने ३० भन्दा बढी भरियाले नियमित काम पाएका छन्। त्यस्तै स्थानीय किसानले उत्पादन गरेका तरकारी तथा अन्य कृषि उपजको माग बढेकाले सहज रूपमा बजार पाएका छन्।

नागरिक उड्डयन प्राधिकरण सिमकोट शाखाका प्रमुख महेन्द्र सिंहका अनुसार हाल तारा एयरको एक, सीता एयरका दुई र समिट एयरका तीन गरी छ वटा जहाजले नेपालगन्ज-सिमकोट उडान गरिरहेका छन्।

बिहान सात बजेदेखि बेलुकासम्म नियमित उडान भइरहेका छन्। त्यसैगरी विभिन्न कम्पनीका छ वटा हेलिकोप्टरले सिमकोट-हिल्सा उडान सेवा सञ्चालन गर्दै आएका छन्।

हेलिकोप्टरहरूले बिहान साढे छ बजेदेखि साँझ सात बजेसम्म उडान भर्ने गरेका छन्। पर्यटकको चहलपहल सिमकोटमा मात्र सीमित छैन।

नेपाल-चीन सीमाक्षेत्र हिल्सामा पनि पर्यटकको उल्लेख्य उपस्थिति देखिएको छ। यसबाट त्यहाँका होटल व्यवसायी, भरिया तथा अन्य सेवा प्रदायकले पनि राम्रो आम्दानी गरिरहेका छन्।

प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले कैलाश-मानसरोवर यात्राको समय सुरु भएसँगै हुम्लामा पर्यटक आगमन तीव्र रूपमा बढेको बताए। उनका अनुसार बिहानदेखि साँझसम्म विमान र हेलिकोप्टरको आवतजावत बढेकाले सिमकोट विमानस्थल निकै व्यस्त रहने गरेको छ।

कतिपय समयमा अत्यधिक चापका कारण विमानस्थल क्षेत्रमा ट्राफिक जामजस्तै अवस्था समेत सिर्जना हुने गरेको उनले जानकारी दिए।

कैलाश-मानसरोवर यात्राले हुम्लाको पर्यटन, होटल व्यवसाय, हवाई सेवा, कृषि तथा स्थानीय रोजगारी क्षेत्रमा सकारात्मक प्रभाव पार्दै जिल्लाको आर्थिक गतिविधि चलायमान बनाउन महत्वपूर्ण योगदान पुऱ्याइरहेको छ।

एआई सम्बन्धी प्रदेशसभा सदस्यलाई तालिम

काँक्रेविहार संवाददाता

सुर्खेत, ३१ जेठ

कर्णाली प्रदेशसभाका सदस्यहरूले कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधिको प्रयोगसम्बन्धी व्यावहारिक तालिम लिएका छन्। यसअघि एआईबारे सामान्य जानकारी भए पनि व्यवहारिक प्रयोग गर्न नसकेका सांसदहरू अब विभिन्न एआई टुल प्रयोग गर्न सक्षम बनेका छन्।

प्रदेश तथा स्थानीय शासन सुदृढीकरण कार्यक्रम अन्तर्गत प्रदेश कार्यक्रम सहयोग एकाइ सुर्खेतले प्रदेशसभा सदस्यहरूका लागि 'संसदीय अभ्यासमा एआईको प्रयोग' विषयक क्षमता विकास कार्यक्रम आयोजना गरेको हो।



तालिममा एआई विज्ञ प्रवेश सुवेदीले विभिन्न एआई उपकरण, तिनको प्रयोग, प्रभाव तथा दैनिक जीवन र संसदीय कार्यमा उपयोगिताबारे प्रशिक्षण दिएका तालिमपछि प्रदेशसभा सदस्यहरूले भाषण तयार गर्ने, अनुसन्धानका लागि आवश्यक सामग्री खोज्ने, तथ्य र सूचनाको विश्लेषण गर्ने तथा विभिन्न विषयलाई चित्र, चार्ट, अडियो र भिडियोमार्फत थप प्रभावकारी रूपमा प्रस्तुत गर्ने सीप हासिल गरेका छन्।

एआईको प्रयोगले कानुन निर्माण, नीति विश्लेषण र जनप्रतिनिधिको दैनिक कार्यसम्पादनमा सहजता ल्याउने अपेक्षा गरिएको छ। कर्णाली प्रदेशसभा सचिवालयको समन्वय तथा संसद सहयोग परियोजनाको सहकार्यमा वीरेन्द्रनगरमा आयोजित कार्यक्रमको समापन गर्दै मुख्यमन्त्री यामलाल कँडेलले प्रविधिको युगमा जनप्रतिनिधिहरू पनि प्रविधिमैत्री बन्न आवश्यक रहेको बताए। उनले प्रदेशसभा सदस्यहरूको क्षमता अभिवृद्धि र कार्यसम्पादनलाई प्रभावकारी बनाउन तालिम आयोजना गरिएको स्पष्ट पारे। पूर्वमुख्यमन्त्री तथा प्रदेशसभा सदस्य राजकुमार शर्माले एआईसम्बन्धी तालिम समयानुकूल र उपलब्धिमूलक भएको बताए।नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक हिक्मत विष्टले पनि तालिमले सांसदहरूलाई कानुन निर्माण तथा अन्य जिम्मेवारी निर्वाहमा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे।

प्रदेशसभा सदस्यहरू महेन्द्र केसी, जीतबहादुर मल्ल र उर्मिला विश्वकर्माले तालिमबाट सिकेका ज्ञानलाई व्यवहारमा लागू गर्ने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेशसभा सदस्यहरू, प्रमुख सचिव वीरेन्द्रकुमार यादव, प्रदेशसभा सचिव डा. अर्जुन खड्कालगायतको सहभागिता रहेको थियो।

सल्यानमा पूँजीगत खर्च न्यून

काँक्रेविहार संवाददाता

सल्यान, ३१ जेठ

आर्थिक वर्ष सकिन करिब एक महिना मात्र बाँकी रहँदा सल्यानस्थित प्रदेश सरकार अन्तर्गतका कार्यालयहरूको पूँजीगत बजेट खर्च अपेक्षाकृत कमजोर देखिएको छ।

प्रदेश लेखा इकाई कार्यालय सल्यानका अनुसार चालु आर्थिक वर्षका लागि विनियोजन गरिएको विकास बजेटको हालसम्म ३१ प्रतिशत मात्र खर्च भएको छ।

कार्यालयका तथ्याङ्कअनुसार पूँजीगततर्फ एक अर्ब ४३ करोड ९० लाख ४९ हजार रुपैयाँ बजेट विनियोजन गरिएकोमा हालसम्म ४४ करोड १३ लाख ८८ हजार पाँच सय ३४ रुपैयाँ मात्र खर्च भएको छ।

विकास निर्माण र पूर्वाधारसँग सम्बन्धित योजनामा खर्चको गति



सुस्त रहँदा बजेट कार्यान्वयनमा चुनौती देखिएको छ। त्यसैगरी चालुतर्फ ९१ करोड १९ लाख ९६ हजार नौ सय ९० रुपैयाँ बजेटमध्ये ४७ करोड २१ लाख ३३ हजार ८६ रुपैयाँ खर्च भएको छ, जुन कुल विनियोजनको ५२ प्रतिशत हो। चालु र पूँजीगत दुवै शीर्षक गरी दुई अर्ब ३५ करोड १० लाख ४५ हजार नौ सय ९० रुपैयाँ बजेटमध्ये हालसम्म ९१ करोड ३५ लाख २१ हजार छ सय २१ रुपैयाँ मात्र खर्च भएको प्रदेश लेखा इकाई कार्यालयले जनाएको छ।

प्रदेश लेखा इकाई कार्यालय सल्यानका लेखा नियन्त्रक दिनेशकुमार चौधरीका अनुसार केही कार्यालयहरूले पूँजीगत खर्चमा सन्तोषजनक प्रगति गरे पनि धेरै कार्यालयमा बजेट कार्यान्वयनको अवस्था कमजोर रहेको छ।

उनले आर्थिक वर्षको अन्त्यतिर खर्च बढ्ने अपेक्षा गरिए पनि हालसम्मको अवस्था उत्साहजनक नरहेको बताए। सरोकारवालाका अनुसार समयमै ठेक्का प्रक्रिया सम्पन्न नहुनु, योजना कार्यान्वयनमा ढिलाइ हुनु तथा भुक्तानी व्यवस्थापनमा देखिएका समस्याका कारण विकास निर्माणका काम प्रभावित भएका छन्।

आर्थिक वर्षको अन्तिम चरणमा पनि विकास बजेट खर्च न्यून रहनुले योजनाहरूको कार्यान्वयन प्रभावकारी बन्न नसकेको संकेत गरेको छ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)